# नेपाल सार्वजनिक सुरक्षा ऐन २००७

नजरबन्द राख्ने, सभा, जुलुस, शिविर ( क्याम्प ) कवायद, परेड र अरू कुरा नियन्त्रण गर्ने ऐन.

सार्वजनिक सुरक्षा, स्थिति र राष्ट्रको सुरक्षाको निमित्त नजरबन्द राख्ने र सभा, जुलुस, शिविर ( क्याम्प ) कवायद, परेड् र अरू यस्तै कुरा को नियन्त्रण गर्नलाई प्रबन्ध गर्न जरुरी भएकोले श्री ५ महाराजाधिराजबाट मौसुफको मन्त्रिमण्डलको सल्लाहअनुसार देहायको ऐन जारी गरिबक्सेकोछ ।

१ (क) यो ऐनको नाम, नेपाल सार्वजनिक सुरक्षा ऐन २००७,, भन्ने रहेकोछ।

(ख) यो ऐन नेपाल भरमुलुकमा लागू हुनेछ।

(ग) ऐन २००७ साल चैत्र २९ गते रोज ४ देखि चालू , हुनेछ ।

२ (१) सरकारले कुनै मानिसको सम्बन्धमा उसलाई राष्ट्रको सुरक्षालाई वा सार्वजनिक स्थिति कायम राख्ने काममा वा समुदायलाई आवश्यक माल सामान ल्याउने लैजाने वा कार्य चलाउने काममा कुनै तरहले विरोध पर्नजाने कुनै कामबाट रोक्न जरुरी सम्झे देहायबमोजिमको आज्ञा निकाल्न सक्दछ ।

(क) त्यस्ता मानिसलाई नजरबन्द राख्नू भनी ।

(ख) निजलाई आज्ञाबाट तोकेको नेपालको कुनै ठाम वा इलाकामा सो आज्ञाले वा त्यसैमा लेखिएका अधिकारी वा व्यक्तिले अनुमति दिएमा बाहेक नबस्नू भनी ।

(ग) निजलाई आज्ञामा तोकेको नेपालको कुनै ठाम वा इलाकाभित्र बस्नू भनी र निज सो ठाउँ वा इलाकामा नभए आज्ञामा तोकेको समयभित्र सो ठाम वा इलाकामा जानू भनी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) खबर वा राय प्रचार गर्नेबारे आज्ञामा तोकिएबमोजिम नियन्त्रण राख्नु भनी

(ङ) आज्ञामा तोकिएबमोजिमको चालमा चल्न नियमित गर्नू भनी।

(२) यही नम्बरको उपदफा (१) को देहायको (ख) (ग) (घ) वा (ङ) मुताबिक निकालिएको आज्ञाले जसको सम्बन्धमा सो आज्ञा निकालिएको हो उसलाई आज्ञामा तोकिएको प्रतिबन्ध वा शर्तमुताबिक काम गर्दछु भनी जमानतसाथ वा विनाजमानत पनि कबुलियत गराउनु पर्ने गराउन सक्तछ।

(३) यही नम्बरको (१) दफामुताबिक कसैले कबुलियत वा जमानत नदिए वा यस दफाअनुसार निकालिएको कुनै आज्ञाको वखिलाप गरेमा बढीमा १ बर्षसम्म कैद वा जरिवाना वा दुवै हुनेछ। सोही दफामुताबिक कबुलियत गरेको वा जमानत राखेकोमा र सो दफामुताबिक निकालेको कुनै आज्ञाको वखिलाप गरे राखेको जमानत जफत हुनेछ।

३ नम्बर २ अनुसार सरकारले निकालेको आज्ञा पहिला पटकलाई ६ मैन्हामा नबढाई तोकिएको समयसम्म वा समय नतोकेको भए जसको नाममा निकालेको हो निजलाई दिएको मितिदेखि ६ मैन्हासम्म लागू हुनेछ। सरकारले नजरबन्द राख्ने समय बखत बखतमा बढाउन सक्नेछ तर कसैलाई पनि एक पटकमा ६ मैन्हाभन्दा बढ्ता थप र लगातार जम्मा १ बर्ष भन्दा बढी नजरबन्द गर्न सक्ने छैन।

४ कुनै व्यक्तिलाई नजरबन्द राख्न निकालिएको आज्ञा लागू भएसम्म सरकारले मौका मौकामा निकालेको साधारण वा खास आज्ञामा तोकेअनुसार निजलाई कुनै ठाम वा अवस्थामा राख्न र एक ठामबाट अर्को ठाउँमा सार्न निजउपर अनुशासन राख्नु र अनुशासन भङ्ग गरेमा सजाय गर्न हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५ (क) कसैलाई नजरबन्द राख्ने आज्ञामुताबिक नजरबन्द राखेमा सरकारले त्यस्तो आज्ञा निकाल्न परेको कारण खोली सकभर चाँडो निजलाई सूचना दिनेछ र सो आज्ञाबारे निजको केही निवेदन छ भने सो पेश गर्न भरसक चाँडो मौका दिनेछ ।

(ख) कुनै कुरा प्रकाश गर्नाले सार्वजनिक हितको हानि हुने सरकारले देखेमा यही नम्बरको (क) दफाबमोजिम कार्रबाई गर्दा सरकारलाई त्यस्तो कुरा प्रकाश गर्न कर लाग्ने छैन ।

६ (क) निवेदनपत्र आएमा सरकारले दुई व्यक्तिको सल्लाहकार समिति नियुक्त गर्नेछ, जसमध्ये एकजना ऐनकानुनी अनुभव भएको हुनेछ, जसले यस विषयको राम्रो तरहले जाँच बुझ गरी सरकारलाई आफ्नो राय पेश गर्नेछ ।

(ख) सल्लाहकारसमितिको राय आएमा सरकारले मुनासिब ठहराएबमोजिमको आज्ञा निकाल्नेछ ।

(ग) नजरबन्द भएको दुइ महीनाभित्र सल्लाहकार समितिलाई उसको निवेदनपत्र र यस विषयका सबै कागजपत्रहरु पठाइदिनु पर्दछ, सल्लाहकार समितिले पनि नजरबन्द भएको तीन मैन्हाभित्र आफ्नो राय सरकारमा पेश गर्नुपर्दछ ।

७ (क) सरकारले कुनै बखत नजरबन्द रहेको व्यक्तिको निवेदनको विचार गरी वा त्यसै पनि नजरबन्द राख्न दिएकोआज्ञा खारेज वा हेरफेर गर्न सक्नेछ ।

(ख) एक पटकको नजरबन्द राख्ने आज्ञा खारेज भएपछि सोही व्यक्तिलाई नजरबन्द राख्न नम्बर २ अनुसार अर्को नयाँ आज्ञा निकाले हुनेछ ।

८ (क) सार्वजनिक सुरक्षा वा स्थिति कायम राख्न सरकारले साधारण वा विशेष आज्ञाद्वारा कुनै वर्गका मानिसहरु वा संस्थालाई मिटिङ् गर्न, सभागर्न वा जुलुस निकाल्न मना गर्न सक्दछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कसैले यही नम्बरमुताबिक निकालेको आज्ञा बर्खिलाफ गरेमा त्यसलाई बढीमा १ वर्षसम्म कैद वा जरिवाना वा दुबै हुनेछ

९ (क) सार्वजनिक सुरक्षा वा स्थिति कायम राख्न कुनै वर्गका मानिसहरू वा संस्थालाई सरकारले आज्ञाद्वारा हतियार वा हतियारको काम लिन हुने केही कुरा ली वा नली शिविर राख्न, कवायद (क्याम्पिङ्ग) वा परेट गर्न मनाई गर्न वा केही शर्त लगाउन सक्दछ ।

(ख) कसैले यही नम्बरमुताबिक निकालेको कुनै आज्ञाको बर्खिलाप गरेमा बढीमा १ वर्षसम्म कैद वा जरिवाना वा दुबै हुनेछ।

१० यस ऐनले सरकारलाई दिएको कुनै अधिकार वा कर्तव्य आज्ञामा तोकिएको परिस्थिति र अवस्थामा आज्ञामा तोकिएको अफिसरले प्रयोग वा पालन गर्नू भनी सरकारले आज्ञा दिन सक्छ ।

११ (क) कुनै व्यक्तिले यो ऐन वा यसमुताबिक बनेका नियमहरुबमोजिम असल नियतले कुनै काम गरेको वा गर्न खोजेकोमा त्यसको विरुद्ध कुनै देवानी, फौजदारी वा अरु कुनै कानूनी कार्रवाई हुने छैन ।

(ख) यो ऐन वा यसबाट बनेका नियमहरुबमोजिम असल नियतले कुनै काम गरेको वा गर्न खोजेकोमा कुनै किसिमको हानि नोक्सानी भयो हुने सम्भावना भयो भने सरकारउपर हर्जाना भराई पाऊँ भन्ने कुनै मुद्दा वा कानूनी कार्रवाई हुनेछैन।

१२ यो ऐन वा यसबाट बनेका नियमहरुबमोजिम पाएको कुनै अख्तियारले दिएको आज्ञाउपर कुनै अदालतमा सवाल जवाफ गरिने छैन ।

१३ सरकारले यो ऐनको व्यवस्थालाई कायम राखी यो ऐनको उद्देश्य काममा लगाउनलाई नियमहरू बनाउन सक्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना :

१ नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ को नं. १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यस सूचनाद्वारा आदेश दिएको छ कि सरकारले सो ऐनको नं. २ ( १ ) ( ख ) बाट पाएको अख्तियार सबै बडाहाकिमले पनि प्रयोग गर्न पाउनेछन् ।

२ यसरी बडाहाकिमलाई दिइएको अख्तियारको प्रयोग गर्दा सो ऐनको नम्बर २ ( १ ) ३,४,५ मा सरकार भनेकोमा बडाहाकिम सम्झनू ।

३ बडाहाकिमले लेखिएको अख्तियारबमोजिम केही काम गरेमा तुरुन्तै सो कुराको सूचना गृहमन्त्र्यालय र खाद्यमन्त्र्यालयमा पठाउनुपर्दछ र गृहमन्त्र्यालयले पनि सो ऐनको नंबर ६ वा ७ बमोजिम तुरुन्त कार्रबाई गर्नेछ ।

सिंहदरबार काठमाडौं. आज्ञाले.

२००८ साल आषाढ १३ गते

गृहसेक्रेटरी नेपाल

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।